## “अनुदानमा आधारीत कृषि उत्पादन कार्यक्रम संचालन कार्यविधि, २०७६”

**स्वीकृत मिति : २०७६/०३/११**

१.प्रस्तावना :

यस छार्का ताङसोङ गाउँपाकि प्राकृतिक श्रोत साधनले भरिपुर्ण गाउँपालिका भएता पनि यहाँका अधिकांस नागरिकहरु कृषि तथा पशुपालनमा निर्भर भएको र पशुपालन तथा कृषि व्यवसायवाट गाउँपालिकाको ग्राहस्थ उत्पादनमा खासै टेवा नपुगेको देखिएको हुँदा स्थानिय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ को उपदफा २ तथा छार्का ताङसोङ गाउँपालिकाको प्रशासकिय कार्यविधि नियमित गर्न वनेको ऐन २०७४ को दफा ४ ले दिएको अधिकार अन्तर्गत पारित “**अनुदनमा आधारित कृषि उत्पादन कार्यक्रम संचालन कार्यविधि, २०७६”** स्वीकृत गरि जारी गरीयको छ ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(क) यो कार्यविधिको नाम “अनुदनमा आधारित कृषि उत्पादन कार्यक्रम संचालन कार्यविधि, २०७६” रहेको छ ।

(ख) यो कार्यविधि स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२ परिभाषाः विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क) कृषि विकास कार्यक्रम सञ्चालन भन्नाले : कृषि क्षेत्रमा आकर्षित गर्न प्रविधि, तालिम तथा बीउ पूँजि सहितको व्यवसायिक कृषिजन्य उत्पादन (तरकारी, अन्नवाली, च्याउ, मौरी) बजार प्रबर्द्धन कार्यक्रम भन्ने बुझ्नु पर्छ ।

ख) “कार्यविधि” भन्नाले छार्का ताङसोङ गाउँपालिका अन्तर्गत सञ्चालित “अनुदनमा आधारित कृषि उत्पादन कार्यक्रम संचालन कार्यविधि, २०७६” लाई सम्झनु पदर्नछ ।

ग) “समिति” भन्नाले गाउँकार्यपालिका भित्र गठित कृषि विकास कार्यक्रम हेर्ने समितिलाई बुझ्नुपर्छ ।

घ) “स्कीम/परियोजना” भन्नाले कृषि उजप व्यवसाय सञ्चालन तथा बजार प्रवर्द्धन र कार्यक्रम सञ्चालनका लागि तयार गरिएको प्रस्ताव बुझ्नु पर्दछ ।

३. उद्देश्यः यस कार्यविधिका उद्देश्यहरु देहाय वमोजिम रहेका छन्ः

(क) नगदेवाली प्रवर्द्धन सम्बन्धी व्यवसाय सञ्चालनको लागि आवश्यक पर्ने प्रविधि तथा प्रतिस्पर्धी अनुदान प्रदान गर्ने ।

(ख) स्वदेशमा स्वरोजगारका अवसरहरु श्रृजना गरी रोजगारीको लागि विदेशिने क्रम न्यूनीकरण गर्न सहयोग पुर्‍याउने ।

(ग) कृषि उत्पादन तथा उत्पादकत्व आय वृद्धि गरि आर्जनमा टेवा पुर्‍याइ कृषक परिवारको जिवन स्तरमा सुधार ल्याउन सहयोग पुर्‍याउने ।

(घ) व्यवसायिक जिविकोपार्जनको विकास गर्ने ।

### परिच्छेद- २

### तरकारी खेती प्रवर्द्धन कार्यक्रम

४. तरकारी खेती प्रर्वद्धन कार्यक्रम देहाय बमोजिम हुनेछ ।

१) स्कीम अवधि : यो कार्यक्रम छार्का ताङसोङ गाउँपालिकाले निर्णय गरे बमोजिमको अवधिसम्म सञ्चालन हुनेछ ।

२) स्कीमका लागि क्षेत्र छनौटका आधारहरु : व्यवसायिक तरकारी खेतीका लागी संभाव्य भएका क्षेत्रहरुको छनौट गरि कार्यक्रम सञ्चालन गरिनेछ । निवेदन दिने फर्महरु छार्का ताङसोङ गाउँपालिकामा दर्ता भएको हुनु पर्नेछ ।

३) (१)        व्यावसायिक तरकारी खेती गर्दा निम्न मापदण्डको दायरा भित्र रहि गर्नुपर्ने छ ।

निम्न :

- व्यवसायिक तरकारी खेती गर्ने जग्गाको लाल पूर्जा फर्मको नाममा भएको वा कम्तीमा १० वर्षको भाडा सम्भौता गरेको करारनामा हुनु पर्नेछ ।
- सधिंयारको मन्जुरीनामा भएको र वडाको मुजुल्का हुनु पर्ने छ ।
- वतावरणिय दृष्टिकोणले सफा र सवै फोहोरको व्यवस्थापन भएको हुनु पर्नेछ ।
- एउटा फर्म एउटै कम्पाउण्ड, जोडिएको कित्ता भित्र रहेका फर्मलाई मान्यता दिईनेछ ।
- फर्ममा बालबालिका कामदारको रुपमा प्रयोग भएको पाईएमा अनुदानबाट बन्चित गरी आवश्यक कारवाही गराइने छ ।
- सके सम्म स्थानिय कामदारलाई रोजगार दिईएको हुनुपर्ने छ ।
- श्रमीकको ज्याला, तलव सुविधा र करारको प्रतिलिपि समावेस गर्नु पर्ने छ ।
- एउटा व्यवसायिक तरकारी फर्ममा ६ मिटर चौडाई र १२ मिटर लम्वाईको न्युनतम ८ वटा प्लास्टीक घर निर्माण गर्नुपर्नेछ ।
- वाली विमा गरेको हुनुपर्नेछ ।
- जग्गाको क्षेत्रफल १० देखी १५ रोपनी सम्म हुनुपर्ने छ ।
- वार्षिक विभिन्न प्रकारको न्युनतम ३० क्वीनटल तरकारी विक्रि गरेको प्रमाणित विल पेस गर्नुपर्नेछ ।
- व्यवसायिक कृषि फर्म सवै प्रकृया पुरा गरी गाउँपालिकामा दर्ता भएको हुनुपर्नेछ ।

५. कार्यक्रमका लागि उपलब्ध गराईने सहयोगहरु :

१.        अधिकतम रु.२,००,०००/- सम्म नगद अनुदान ।

६.        फर्म सुद्वढीकरण सम्बन्धि कार्यहरुः

- विभिन्न आधुनिक औजारहरु प्रयोग गरेको हुनुपर्ने, रासायनिक किटनासक विषादी प्रयोग गरेको हुन नहुने ।
- स्प्रेयर, थोपा सिंचाई, असिना छेक्ने नेट जालि प्रयोग गरेको हुनुपर्नेछ ।

## परिच्छेद- ३
## व्यवसायिक मौरिपालन कार्यक्रम

७. व्यवसायिक मौरीपालन कार्यक्रम सञ्चालन प्रक्रिया

१) कार्यक्रम संचालन हुने स्थानः छार्का ताङसोङ  गाउँपालिकाबाट स्वीकृत भएपछि कृषि विकास  शाखाले सञ्चालन गर्नेछ ।

२) कार्यक्रम संचालन अवधिः यो कार्यक्रम छार्का ताङसोङ  गाउँपालिकाबाट निर्णय गरे बमोजिम अवधिसम्म सञ्चालन हुनेछ ।

३) (१)     व्यावसायिक च्याउखेती गर्दा निम्न मापदण्डको दायरा भित्र रहि गर्नुपर्ने छ ।

निम्न :

- मौरी पालन गर्ने जग्गाको लालपुर्जा ,फर्म वा संचालकको नाममा हुनुपर्ने छ अथवा सम्वन्धित जग्गा दाता संग फर्मले जग्गा भोग चलनको लागी कम्तीमा १० बर्षको लागी भाडामा सम्झौता भएको हुनु पर्ने छ ।
- संधियारहरुको मन्जुरीनामा वा मुजुल्का हुनु पर्ने छ ।
- एउटा फर्म एउटै कम्पाउण्ड भित्र रहेको हुनु पर्ने छ ।
- फर्ममा बालवालिका कामदारको रुपमा प्रयोग गरेको पाईएमा अनुदानवाट वन्चित गरी आवश्यक कारवाही गरिनेछ ।
- सके सम्म स्थानिय कामदारलाई रोजगार दिएको हुनुपर्नेछ ।
- श्रमिकको ज्याला, तलव सुविधा र कराको प्रतिलिपि समावेस गर्नुपर्नेछ ।
- एउटा व्यवसायिक मौरी फर्मका ५० वटा भन्दा वढी घारमा मौरी पालन गर्नुपर्नेछ ।
- मौरी विमा गरेको हुनुपर्नेछ ।

८) कार्यक्रमबाट उपलब्ध गराइने अनुदान रकम :

(१) मापदण्ड पुगेको व्यावसायिक मौरीपालन गर्ने फर्मलाई अधिकतम रु २,००,०००/- अनुदान दिईने छ ।

६.     फर्म सुद्बढीकरण सम्बन्धि कार्यहरु:

- विभिन्न आधुनिक औजारहरु (महदानी, पञ्जा, झोला, टोपी, रानी गेट आदी) प्रयोग गरेको हुनुपर्ने ।

## परिच्छेद-४
## व्यवसायिक च्याउ खेती

७. व्यवसायिक च्याउखेती कार्यक्रम सञ्चालन प्रक्रिया

१) कार्यक्रम संचालन हुने स्थानः छार्का ताङसोङ  गाउँपालिकाबाट स्वीकृत भएपछि कृषि विकास  शाखाले सञ्चालन गर्नेछ ।

२) कार्यक्रम संचालन अवधिः यो कार्यक्रम छार्का ताङसोङ  गाउँपालिकाबाट निर्णय गरे बमोजिम अवधिसम्म सञ्चालन हुनेछ ।

३) (१)     व्यावसायिक च्याउखेती गर्दा निम्न मापदण्डको दायरा भित्र रहि गर्नुपर्ने छ ।

निम्न :

- व्यावसायिक च्याउखेती गर्ने जग्गाको लालपुर्जा ,फर्म वा संचालकको नाममा हुनुपर्ने छ अथवा सम्वन्धित जग्गा दाता संग फर्मले जग्गा भोग चलनको लागी कम्तीमा १० बर्षको लागी भाडामा सम्झौता भएको हुनु पर्ने छ ।
- संधियारहरुको मन्जुरीनामा वा मुजुल्का हुनु पर्ने छ ।
- वातावरणिय दृष्ट्रिकोणले सफा र सवै फोहोरको व्यवस्थापन भएको हुनुपर्नेछ ।
- एउटा फर्म एउटै कम्पाउण्ड भित्र रहेको हुनु पर्ने छ ।
- फर्ममा बालवालिका कामदारको रुपमा प्रयोग गरेको पाईएमा अनुदानवाट वन्चित गरी आवश्यक कारवाही गरिनेछ ।

- ➢ सके सम्म स्थानिय कामदारलाई रोजगार दिएको हुनुपर्नेछ ।
- ➢ श्रमिकको ज्याला, तलव सुविधा र कराको प्रतिलिपि समावेस गर्नुपर्नेछ ।
- ➢ एउटा व्यवसायिक खेती फर्ममा ५ मिटर चौडाई ५ मिटर लम्वाईको न्युनतम १० प्लास्टीक घर हुनुपर्नेछ ।
- ➢ वालि विमा गरेको हुनुपर्नेछ ।
- ➢ जग्गाको क्षेत्रफल १० देखी १५ रोपनी सम्म हुनुपर्नेछ ।
- ➢ न्युनतम वार्षिक १० क्वीन्टल च्याउ उत्पादन गरी विक्री गरेको प्रमाणित विल हुनुपर्नेछ ।
- ➢ व्यवसायिक कृषि फर्म गाउँपालिकामा सवै प्रकृया पुरा गरी दर्ता गरेको हुनुपर्नेछ ।

८) कार्यक्रमबाट उपलब्ध गराइने अुनदान रकम :

(१) मापदण्ड पुगेको व्यावसायिक च्याउ खेती गर्ने फर्मलाई अधिकतम रु २,००,०००/- अनुदान दिईने छ ।

## परिच्छेद- ५

## व्यवसायिक अन्नवाली कार्यक्रम

४. व्यवसायिक अन्नवाली (धान, मकै, गहूँ, कोदो, तोरी, आलु, भटमास) कार्यक्रम देहाय बमोजिम हुनेछ ।

१) स्कीम अवधि : यो कार्यक्रम छार्का ताङसोङ गाउँपालिकाले निर्णय गरे बमोजिमको अवधिसम्म सञ्चालन हुनेछ ।

२) स्कीमका लागि क्षेत्र छनौटका आधारहरु : व्यवसायिक अन्नवाली (धान, मकै, गहूँ, कोदो, तोरी, आलु, भटमास) का लागी संभाव्य भएका क्षेत्रहरुको छनौट गरि कार्यक्रम सञ्चालन गरिनेछ । निवेदन दिने फर्महरु छार्का ताङसोङ गाउँपालिकामा दर्ता भएको हुनु पर्नेछ ।

३) (१) व्यावसायिक अन्नवाली (धान, मकै, गहूँ, कोदो, तोरी, आलु, भटमास) खेती गर्दा निम्न मापदण्डको दायरा भित्र रहि गर्नुपर्ने छ ।

निम्न :

- ➢ व्यवसायिक व्यवसायिक अन्नवाली (धान, मकै, गहूँ, कोदो, तोरी, आलु, भटमास) खेती गर्ने जग्गाको लाल पूर्जा फर्मको नाममा भएको वा कम्तीमा १० वर्षको भाडा सम्झौता गरेको करारनामा हुनु पर्नेछ ।
- ➢ सधिंयारको मन्जुरीनामा भएको र वडाको मुजुल्का हुनु पर्ने छ ।
- ➢ वतावरणिय दृष्टिकोणले सफा र सवै फोहोरको व्यवस्थापन भएको हुनु पर्नेछ ।
- ➢ एउटा फर्म एउटै कम्पाउण्ड, जोडिएको कित्ता भित्र रहेका फर्मलाई मान्यता दिईनेछ ।
- ➢ फर्ममा बालबालिका कामदारको रुपमा प्रयोग भएको पाईएमा अनुदानबाट बन्चित गरी आवश्यक कारवाही गराइने छ ।
- ➢ सके सम्म स्थानिय कामदारलाई रोजगार दिईएको हुनुपर्ने छ ।

- श्रमीकको ज्याला, तलव सुविधा र करारको प्रतिलिपि समावेस गर्नु पर्ने छ ।
- एउटा व्यवसायिक अन्नवाली खेती फर्ममा १०० रोपनी भन्दा माथि हुनुपर्नेछ ।
- वाली विमा गरेको हुनुपर्नेछ ।
- जग्गाको क्षेत्रफल १० देखी १५ रोपनी सम्म हुनुपर्ने छ ।
- वार्षिक न्युनतम १०० क्वीनटल अन्नवाली उत्पादन गरी विक्रि गरेको प्रमाणित विल पेस गर्नुपर्नेछ ।
- जग्गा चक्लावन्दी गरी ट्याक्टर लगाएत अन्य आधुनिक औजार उपकरण प्रयोग गरेको हुनुपर्नेछ ।
- व्यवसायिक कृषि फर्म सवै प्रकृया पुरा गरी गाउँपालिकामा दर्ता भएको हुनुपर्नेछ ।

५. कार्यक्रमका लागि उपलब्ध गराईने सहयोगहरु :

१. अधिकतम रु.२,००,०००/- सम्म नगद अनुदान ।

६. फर्म सुद्वढीकरण सम्बन्धि कार्यहरुः

- विभिन्न आधुनिक औजारहरु प्रयोग गरेको हुनुपर्ने, रासायनिक किटनासक विषादी प्रयोग गरेको हुन नहुने ।
- आधुनिक कृषि उपकरण हरुको प्रयोग गर्ने ।

## परिच्छेद-६

**विविध :**

१२. कार्यक्रम संचालन प्रकृया

१) प्रस्ताव आव्हान : निजी फार्म/समुह/समिति/सहकारीमा आवद्ध कृषकहरुवाट व्यावसायिक तरकारी खेती, मौरी पालन/च्याउ खेती/अन्न वाली फर्म स्थापना वा सुदृढिकरणका वा यान्त्रिकरणका लागि स्थानीय सञ्चारमाध्यम, पत्रपत्रिकामा सूचना प्रकाशित गरी कृषि विकास शाखा मार्फत गाउँपालिकामा पेश गर्ने गरी प्रस्ताव आव्हान गरिने छ । प्रस्ताव आव्हानको सूचना अनुसूची १ बमोजिम स्थानीय स्तरको दैनिक पत्रिकामा/स्थानीय पत्रिकामा वा कार्यालयहरुले प्रकाशन गर्नेछन् । साथै अनुदान सहयोग प्राप्त गर्नको लागि दिईने आवेदन पत्र तथा संक्षिप्त कार्ययोजना प्रस्ताव क्रमशः अनुसूची २ र ३ बमोजिमको ढाँचामा हुनुपर्नेछ ।

२) प्रस्तावहरुको मुल्यांकन तथा स्वीकृतीः

१) प्रस्तावको मूल्याङ्कन र स्वीकृत गर्नका लागि मूल्याङ्कन तथा छनौट समितिले गर्नेछ ।

२) कृषि विकास कार्यक्रम अन्तर्गत स्वीकृत प्रस्तावहरुलाई अनुदान प्रदान गर्नका लागि अनुसूची- ४बमोजिम सम्झौता गर्ने दायित्व सम्बन्धीत कृषि विकास शाखाको हुनेछ ।

३) मूल्यांकनका आधारहरुः मुल्याङ्कनका आधारहरु अनुसुचि ५ मा उल्लेख भए अनुसार हुनेछन ।

१३. प्रस्ताव मूल्याङ्कन तथा छनौट समिति सम्बन्धि व्यवस्था : (१) व्यवसायिक कृषि विकास कार्यक्रमलाई लक्षित गरि संचालित फर्मको प्रवर्द्धन तथा बजारिकरणमा सहयोग पुऱ्याउने गरि छार्का ताङसोङ गाउँपालिका द्धारा सञ्चालन गरिने पशु पक्षि विकास कार्यक्रम अनुदानका लागी देहाय बमोजिमिको मुल्याङ्कन तथा छनौट समिति रहनेछ ।

क. गाउँपालिका अध्यक्ष — संयोजक

| | | |
|---|---|---|
| ख. | गाउँपालिका उपाध्यक्ष | सह संयोजक |
| ग. | आर्थिक विकास समिति संयोजक | सदस्य |
| घ. | प्र.प्र.अ. वा निजले तोकेको कर्मचारी | सदस्य |
| ङ. | कृषि विकास शाखा प्रमुख | सदस्य सचिव |

१४. फिल्ड भेरिफिकेशन समिती गठन :

प्रस्ताव मुल्याङ्कन समिति बाट सिफारीस भई आएका फर्महरुको फिल्ड भेरिफिकेसन गर्नको लागी स्थलगत रुपमा फिल्ड भेरीफिकेसन समिति गठन गर्ने र सोही समितिबाट स्थलगत रुपमा फिल्ड भेरिफिकेसन विवरण तयार गरि पुन प्रस्ताव मुल्याङक्न समितिमा अन्तीम छानविनका लागी पठाउने छ। निम्न अनुसार समिती गठन गरिने छ।

| | | |
|---|---|---|
| क. | सम्वन्धित वडाका वडा अध्यक्ष : | संयोजक |
| ख. | कृषि किकास शाख प्रमुख : | सदस्य |
| ग. | सम्वन्धित वडाको वडा सदस्य मध्येवाट १ जना महिला सदस्य सहित २ जना | सदस्य |
| घ. | सम्वन्धित वडा सचिव : | सदस्य |
| ङ. | सम्वन्धित टोल संयोजक : | सदस्य |
| च. | सम्वन्धित क्षेत्र हेर्ने प्राविधिक : | सदस्य |

रोहवर : सम्वन्धित फर्म संचालक वा एकाघरका सदस्य।

१५. अनुगमन सम्बन्धी व्यवस्था:

(१) गाउँपालिकाबाट सञ्चालित अनुदानका कार्यक्रमहरुलाई नियमित रुपमा अनुगमन गरिनेछ

(२) अनुगमन गर्दा अपनाउनु पर्ने कार्यविधि अनुगमन समितिबाट तयार गरिनेछ।

(३) देहायका व्यक्तिहरु रहेको एक अनुगमन समिति रहनेछ।

| | |
|---|---|
| क. गाउँपाकिला उपाध्यक्ष वा निजले तोकेको व्यक्ति १ जना | - संयोजक |
| ख. अध्यक्षले तोकेको व्यक्ति १ जना | - सदस्य |
| ग. प्रमुख प्रशासकीय अधिकृत वा योजना शाखा प्रमुख १ जना | - सदस्य |
| घ. सम्बन्धित समितिको प्रतिनिधि १ जना | - सदस्य |
| ङ. कृषि विकास शाखा प्रमुख १ जना | - सदस्य |

१६. कार्वाहीको व्यावस्था : प्रस्ताव स्वीकृत भएका कृषकहरुले स्कीम र सम्झौता अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाइएमा छार्का ताङसोङ गाउँपालिकाको प्रचलित ऐन, नियम तथा कानुन बमोजिम कारवाही गरी सरकारी रकम असुल उपर गरिने छ।

१७. प्रचलित कानुन लागु हुने : कार्यक्रम कार्यन्वयनको सम्वन्धमा प्रचलित कानुनमा उल्लेख भएकोमा सोही बमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै कार्य विधि बमोजिम कार्यन्वयन हुनेछ।

१८. विमा : हरेक कार्यक्रम अर्न्तगत कृषि वालीको अनिर्वाय रुपमा पशु विमा गराउनुपर्नेछ।

१९. फार्म दर्ता तथा नविकरण प्रकृया : यस गाउँपालिकामा कृषि फर्म दर्ता एवंम नविकरण तोकिएको प्रकृया बमोजिम हुनेछ।

२०. कार्यविधि संसोधन तथा परिर्माजन : छार्का ताङसोङ गाउँपालिकाले यस कार्यविधिमा आवश्यक परिमार्जन एवंम संसोधन गर्न सक्ने छ।

अनुसूची - १

कृषि उत्पादन (तरकारी खेती/मौरी पालन/च्याउखेती/अन्नवाली) बजार प्रवर्द्धन सम्बन्धि कार्यक्रमको प्रस्ताव आव्हानको सूचनाको ढाँचा

छार्का ताङसोङ गाउँपालिका कृषि विकास शाखा

कृषि विकास कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : ............................

यस कार्यालयको आ.व. २०... /...... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार युवाहरुलाई कृषि उत्पादन (तरकारी खेती/मौरी पालन/च्याउखेती/अन्नवाली) बजार प्रवर्द्धन सम्वन्धी कार्यक्रमका माध्यमबाट स्वरोजगार प्रर्वद्धन गर्ने कार्यक्रम रहेको हुँदा इच्छुक व्यक्तिगत फर्म, कृषक समुह, कृषि सहकारीहरुले (तरकारी खेती/मौरी पालन/च्याउखेती/अन्नवाली मध्ये कुनै एक ) कार्यक्रमको लागि यस गाउँपालिकाका स्थायि वसोवास गर्ने नागरीकहरुले पेश गर्ने गरी यो सुचना प्रकाशित गरिएको छ। यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले ३५ दिन भित्र तोकिएको ढाँचामा अनुसारको आवेद फाराममा दरखास्त दिनुपर्नेछ। पुनश्चः आवेदन साथ तपशिल अनुसारका कागजाहरु संलग्न राख्न समेत यसै सुचना द्धारा सुचित गरिन्छ।

१. अनुसुची २ अनुसारको आवेदन फाराम

२. अनुसुची ३ अनुसारको संक्षिप्त कार्ययोजना

३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि

४. अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता, अनुभव, जग्गा भाडा सम्झौतापत्र आदी ) को प्रतिलिपिहरु

अनुसूची - २

कृषि उत्पादन (तरकारी खेती/मौरी पालन/च्याउखेती/अन्नवाली) बजार प्रवर्द्धन सम्बन्धि कार्यक्रममा अनुदान सहयोग प्राप्त गर्नको लागि दिईने आवेदन पत्र

श्रीमान् कार्यालय प्रमुख ज्यु,
छार्का ताङसोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
डोल्पा ।

विषय : कृषि विकास अनुदान सहयोग कार्यक्रम उपलब्ध गराईदिने वारे ।

महोदय,
मलाई उक्त अनुदान सहयोग प्राप्त गरी .......................................... कार्य गर्न तिव्र इएच्छा भएकोले निम्नानुसार कागजात राखी निवेदन गर्दछु । मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्वन्धीत गाउँपालिका भित्रै रही कार्य गर्नेछु । पुनश्च : तपशिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु ।
तपशिल :

१. अनुसुची ३ अनुसारको संक्षिप्त कार्ययोजना
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
३. फार्म/समुह/ समिति/ सहकारी सम्वन्धीत निकायामा दर्ता भएको प्रमाणको प्रतिलिपि वा व्यक्तिगत कृषक
४. अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता, अनुभव, जग्गा भाडा सम्झौतापत्र आदी ) को प्रतिलिपिहरु
५. वैदेशिक रोजगारबाट फर्केका युवाहरुको हकमा पासपोटको प्रतिलिपि
६. परियोजनाको प्राविधिक तथा आर्थिक प्रस्ताव
७. पर्यावरिणिय असरको न्युनिकरण गर्ने उपाय र जैविक सुरक्षा सम्वन्धी विवरण
८. कार्यक्रम कार्यन्वयन गर्ने प्रतिवर्द्धता

निवेदक
नाम :
दस्तखत:
ठेगाना :

अनुसुचि ३

कृषि उत्पादन (तरकारी खेती/मौरी पालन/च्याउखेती/अन्नवाली) बजार प्रवर्द्धन सम्बन्धि कार्यक्रमकाको संक्षिप्त व्यावसायिक कार्ययोजना

व्यावसायिक फर्मको नाम : सम्पर्क नम्वर :

ठेगाना : डोल्पा जिल्ला छार्का ताङसोङ गाउँपालिका वडा नं. ........... टोल : ..............................

तरकारी खेती/मौरी पालन/च्याउखेती/अन्नवाली व्यवसाय गरिने स्थान :

व्यवसायिक तरकारी खेती/मौरी पालन/च्याउखेती/अन्नवाली गरिने कार्य विवरण :

| क्र.स. | संचालन गरिने क्रियाकलाप | अपेक्षित अनुदान सहयोग (रु.) | निजि लगानी (रु.) | जम्मा लगानी (रु.) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

व्यावसायिक कार्य गर्ने व्यवसायिले न्युनतम अनुदान रकम बरावरको रकम प्रस्तावित योजनामा समावेस गर्नुपर्नेछ।

१. व्यवसाय विगत कति वर्षदेखि निरन्तर गरिरहेको हो : वर्ष ...................... महिना ....................

२. तरकारी खेती/मौरी पालन/च्याउखेती/अन्नवालीको जात :

३. तरकारी खेती/मौरी पालन/च्याउखेती/अन्नवाली गरेको जग्गा को क्षेत्रफल :

४. तरकारी खेती/मौरी पालन/च्याउखेती/अन्नवाली लगाउदा अवलम्वन गरेको पद्धति :

५. मौरीपालन गरेकोमा घार संख्या :

६. सिंचाईको अवस्था :

७. तरकारी वाली/अन्न वाली लगाइएको जग्गाको किसिम :

८. व्यवसायको लागि श्रमको व्यवस्थान :

क. पारिवारिक : महिला संख्या : ................, पुरुष संख्या : .............

ख. वाहिरवाट : महिला संख्या : ................, पुरुष संख्या : .............

९. उत्पादित वस्तुको वजार : अपेक्षित वार्षिक प्रतिफल :

व्यवसायि फर्म सञ्चालकको तर्फबाट सहि गर्नेको सही :

नामः संस्थाको छाप :

दस्तखत : मिति :

अनुसूची - ४

## कृषि उत्पादन (तरकारी खेती/मौरी पालन/च्याउखेती/अन्नवाली) बजार प्रवर्द्धन सम्बन्धि कार्यक्रम संचाालनको लागि गरिने सम्झौता-पत्र

छार्का ताङसोङ गाउँपालिका कृषि विकास शाखा मार्फत संचालन गरिने चालु आ.व. ............. को स्वीकृत लक्षित ...................................... कार्यक्रम संचालन गर्न कृषि विकास शाखा, (यस भन्दा पछाडी पहिलो पक्ष भनिने), विशिष्टताको आधारमा छनौट भएका युवा कृषक श्री/सुश्री/श्रीमती ............................................... (यस भन्दा पछाडी दोश्रो पक्ष भनिने) बीच तपसिलका कार्यक्रम संचालनका लागी द्विपक्षिय सम्झौता गरी बुझिलियौं/दियौं।

१. पहिलो पक्षले दोश्रो पक्षलाई व्यवसाय संचालनको लागि कार्ययोजना अनुसार २ किस्तामा/कार्यविधि अनुसार सामाग्री वा सोझै नगद/ड्राफ्ट/चेक अनुदान स्वरुप उपलब्ध गराउने छ।

२. दोश्रो पक्षले पहिलो पक्षबाट आवश्यक प्राविधिक जानकारी प्राप्त गरी आफूले आवेदन गरे अनुसारको ..................................................... व्यवसाय सञ्चालन गर्नेछ।

३. पहिलो पक्षले नियमित रुपमा व्यवसाय सञ्चालन गरे नरेको अनुगमन गर्नेछन्।

४. तरकारी खेती/मौरी पालन/च्याउखेती/अन्नवाली लगाउने कृषकहरुले वालिविमा अनिवार्य गर्नुपर्ने छ।

५. यस सम्झौतामा उल्लेखित काम गर्दा आउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप तथा अन्य आकस्मिक विपद्मा पहिलो पक्ष जिम्मेवार हुने छैन।

६. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

| पहिलो पक्ष | दोश्रो पक्ष |
|---|---|
| छार्का ताङसोङ गाउँपालिका कृषि विकास शाखा को तर्फबाट सहि | युवा उद्यमी वा संस्थाको तर्फवाट सहि गर्नेको |
| नाम : | नाम : |
| पद : | पद : |
| दस्तखत : | दस्तखत : मिति : |
| | मिति : |
| सम्पर्क फोन नं.: | सम्पर्क फोन नं.: |
| कार्यालयको छाप : | संस्थाको छाप |
| | औठाको छाप : |
| | दायाँ बायाँ |

# अनुसुची-५

## कृषि उत्पादन (तरकारी खेती/मौरी पालन/च्याउखेती/अन्नवाली) बजार प्रवर्द्धन सम्बन्धि कार्यक्रम संचाालकको लागि छनौट गर्दा अपनाईने मुल्यांकनका आधारहरु :

| क्र.स. | द.नं. | आवेदकको नाम | ठेगाना | प्रस्तावित कार्य योजना (२५) | व्यवसायको सम्भाव्यता/उपयुक्तता (१०) | अनुभव/तालिम (१०) | तरकारी खेती/मौरी पालन/च्याउखेती/अन्नवाली लगाएको जग्गाको क्षे.फ. तथा घार संख्या (२०) | सिंचाई सुवधिा भएको तथा मौरी पलनको हकामा आधुनिक प्रविधि अवलम्वन गरेको (१५) | वैदेशिक रोजगारवाट फर्केको (१०) | जैविक तथा पर्यावरणिय सुरक्षा विधि (१०) | कुल प्राप्तांक (१००) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

मुल्यांकन समितिका पदाधिकारीहरुको :

नाम थर :
पद :
दस्तखत :
मिति :

नाम थर :
पद :
दस्तखत :
मिति :

नाम थर :
पद :
दस्तखत :
मिति :

नाम थर :
पद :
दस्तखत :
मिति :

अनुसूची - ६

कृषि उत्पादन (तरकारी खेती/मौरी पालन/च्याउखेती/अन्नवाली) बजार प्रवर्द्धन सम्बन्धि कार्यक्रमका को प्रगति विवरण पठाउने फारामको ढाँचा

१. उद्यमी कृषकको

नाम :

ठेगाना :

२. सञ्चालित व्यवसायको

नाम :

ठेगाना :

३. आ.व. :

४. प्रगति प्रतिवेदन अवधि :

| क.स. | कार्य विवरण | लक्ष्य | प्रगति | आईपरेका वाधा अड्चन | समाधानको लागि सुझावहरु |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

प्रति इकाई उत्पादित पदार्थको स्थानिय बजारको विक्रि मुल्य :

१. ......................... २. .................................... ३. .........................................

उद्यमिको नाम :

दस्तखत :

मिति :

ठेगाना